नेपाल सरकार
राष्ट्रिय परीक्षा बोर्ड

# परीक्षा नियन्त्रण कार्यालय, कक्षा १०

सानोठिमी, भक्तपुर

च.नं.
प.सं. ३५२

मिति २०७५।०७।२८

विषय :- रोस्टर तयार गर्ने सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय एकाइ
७७ जिल्ला ।

प्रस्तुत विषयमा २०७५ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १०(एसईई)मा सहभागी हुने परीक्षार्थीहरुको उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण कार्य गर्ने प्रयोजनका लागि त्यस जिल्लामा माध्यमिक तहमा अध्यापन गराइ रहेका विषयगत माध्यमिक शिक्षकहरुको रोष्टर सूची तयार पार्नुपर्ने भएको ले सो कार्यका लागि देहायका आधारहरु तय गरी सार्वजनिक सूचना मार्फत विषयगत शिक्षकको रोस्टर तयार पारी सोको एक प्रति यस कार्यालयमा अभिलेखको लागि २०७५ माघ मसान्त भित्र पठाईदिनुहुन अनुरोध छ ।

रोष्टर छनौटका आधारहरु

- गतविगतमा परीक्षण तथा सम्परीक्षण कार्यमा लापर्वाही गरी कालोसूचीमा नपरेको ।
- कम्तिमा स्नातक भई १० महिने तालिम प्राप्त वा सम्वन्धित विषयमा विएड गरेर अध्यापन गराई रहेको माध्यमिक शिक्षक ।
- सम्बन्धित विद्यालयको प्र.अ.बाट निजको शैक्षिक योग्यता र कार्यरत तह खोली उक्त विषयमा कक्षा १०मा नियमित अध्यापन गराईरहेको सिफारिस पत्र । (कम्तिमा पुरै शैक्षिक सत्र अध्यापन गराएको हुनु पर्ने छ ।)
- गोपनियता राख्दै दिइएको निर्देशन पालन गरी संवेदनशील भई सक्षम तरिकावाट उत्तरपुस्तिकाहरु परीक्षण तथा सम्परीक्षण गर्न सक्ने ।
- आवश्यक परेको वेला परीक्षण केन्द्रमा उपस्थित भई परीक्षण तथा सम्परीक्षण कार्यलाई समय दिन सक्ने र उपलब्ध भएसम्म परीक्षण तथा सम्परीक्षण कार्य सम्बन्धी तालिम लिएको हुनुपर्ने छ ।
- अभिलेखको लागि Excel File मा नाम, शैक्षिक योग्यता, पढाईरहेको विषय, अनुभव वर्ष, कार्यरत तह, कार्यरत विद्यालयको नाम र निजको सम्पर्क नम्वर सहितको Softcopy यस कार्यालयमा पठाउनु पर्ने छ ।

२०७५।७।२८
(रामसरण सापकोटा)
नियन्त्रक

श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी
श्री प्रदेश शिक्षा विकास निर्देशनालय
७ सातै प्रदेश ।